आठविसकोट नगर कार्यपालिकाको ३३औं बैठक मिति २०७६ जेठ २४ गतेका दिन आठविसकोट नगर सभा हलमा नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितीमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरीयो ।

| क.सं. | नाम, थर | पद | दस्तखत २।२४ | कैफियत २।२५ |
|---|---|---|---|---|
| १ | गोर्ख बहादुर के.सी. | नगर प्रमूख | | |
| २ | गीता नेपाली | नगर उप प्रमूख | | |
| ३ | रामबहादुर के.सी. | नि.प्र.प्रशा.अधिकृत | | |
| ४ | देव बहादुर घर्ती | वडाध्यक्ष - १ | | |
| ५ | देव बहादुर यरी | वडाध्यक्ष - २ | | |
| ६ | केशरमान वि.क | वडाध्यक्ष - ३ | | |
| ७ | बाबुराम विष्ट | वडाध्यक्ष - ४ | | |
| ८ | प्रजिते कामी | वडाध्यक्ष - ५ | | |
| ९ | डिल बहादुर सार्की | वडाध्यक्ष - ६ | | |
| १० | नवराज बुढा | वडाध्यक्ष - ७ | | |
| ११ | मान बहादुर चदारा | वडाध्यक्ष - ८ | | |
| १२ | तारक बहादुर शाही | वडाध्यक्ष - ९ | | |
| १३ | गंगाराम चदारा | वडाध्यक्ष - १० | | |
| १४ | हस्ते आग्री | वडाध्यक्ष - ११ | | |
| १५ | खुम्मे कुसारी | वडाध्यक्ष - १२ | | |
| १६ | विनोद पुन | वडाध्यक्ष - १३ | | |
| १७ | हुकुम बहादुर पुन | वडाध्यक्ष - १४ | | |
| १८ | धन्नाम परियार | कार्यपालिका सदस्य | | |
| १९ | प्रियंका यरी | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क | कार्यपालिका सदस्य | | |
| २१ | मनकली कामी | कार्यपालिका सदस्य | | |
| २२ | आसिराम वि.क. | कार्यपालिका सदस्य | | |
| २३ | कल्पना खड्का | कार्यपालिका सदस्य | | |
| २४ | सिता शाह | कार्यपालीका सदस्य | | |
| २५ | गोरख बहादुर कामी | कार्यपालीका सदस्य | | |
| २६ | कमल भट्टराई | रोजगार संयोजक | | |
| २७ | ध्रुवप्रसाद लम्साल | लेखा अधिकृत | | |
| २८ | गणेश चन्द | सुचना प्रविधि अधिकृत | | |
| २९ | जय बहादुर बुढा | प्रशिक्षक | | |
| ३० | मुमे दमाई | कार्यालय सहयोगी | | |
| ३१. | धर्म कुमारी मल्ल | वा.वा. अध्यक्ष - ७ | धर्म | |

| ३३ औं नगर कार्यपालिकामा पेश भएका प्रस्तावहरु | | |
|---|---|---|
| क.स. | प्रस्तावको विवरण | कैफियत |
| १ | आठविसकोट नगरपालिका शैक्षिक गुणस्तर परिक्षण केन्द्र संचालन निर्देशिका, २०७६ सम्बन्धी प्रस्ताव | |
| २ | यही २०७६ असार ५ गते मदिरामुक्त नगरपालिका घोषणा गर्ने सम्बन्धी प्रस्ताव | |
| ३ | बेरोजगार व्यक्तिहरुको विवरण रुजु तथा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्ताव | |
| ४ | नगरपालिकामा खरिद भएका विभिन्न हेभि तथा हल्का सवारी साधनका चालकहरु नियुक्ति, हेरफेर तथा पारिश्रमिक निर्धारण सम्बन्धी प्रस्ताव | |
| ५ | प्रधानाध्यापक छनौटको लागि नगर शिक्षा नियमावली, २०७४ को दफा (२) अनुसार आह्वान गरिएको दरखास्त तथा कार्य सम्पादन करार सम्झौता सम्बन्धी प्रस्ताव | |
| ६ | शिक्षा ऐन, २०२८ को दफा १० बमोजिम सुविधा प्राप्त गरी रिक्त रहेको शिक्षक पदमा करार शिक्षकहरु भर्ना गरिएको सम्बन्धि प्रस्ताव | |

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

## नगर कार्यपालिकाको मिति २०७६।०२।२४ गतेका निर्णयहरु

निर्णय नं. १ : बेरोजगार व्यक्तिहरुको विवरण रुजु तथा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क)वडा कार्यालयवाट रोजगार सेवा केन्द्रमा पेश भएको बेरोजगार व्यक्तिहरुको विवरण वडा कार्यालयबाट अन्तिम रुपमा रुजु गरी यही २०७६ जेष्ठ २७ गतेभित्र रोजगार सेवा केन्द्रमा पठाउने र नगर कार्यपालिकाले छानविन गरी अन्तिम विवरण तयार गरी कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउने ।

(ख)संघीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि प्राप्त बजेट देहाय बमोजिम कार्यान्वयन गर्ने ।

| क्र.स. | वडा नं. | प्राप्त भएका निवेदन सङ्ख्या | न्यूनतम बजेट रु. | बेरोजगार व्यक्तिको संख्याको आधारमा प्राप्त हुने रकम रु. | कूल विनियोजित रकम रु. | कन्टिन्जेन्सी फिल्ड भत्ता ५ प्रतिशत | सामान खरिद २५ प्रतिशत | ज्याला वापत श्रमिकले प्राप्त गर्ने रकम ७० प्रतिशत | रोजगारी प्राप्त गर्ने अधिकतम सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १०० | १५०,०००।०० | ४९,२३६ | १९९,२३६ | ९,९६२ | ४९,८०९ | १३९,४६५ | ९ | |
| २ | २ | २७२ | १५०,०००।०० | १३३,९२१ | २८३,९२१ | १४,१९६ | ७०,९८० | १९८,७४४ | १३ | |
| ३ | ३ | ३७८ | १५०,०००।०० | १८६,११० | ३३६,११० | १६,८०६ | ८४,०२८ | २३५,२७७ | १५ | |
| ४ | ४ | ३१९ | १५०,०००।०० | १५७,०६१ | ३०७,०६१ | १५,३५३ | ७६,७६५ | २१४,९४३ | १४ | |
| ५ | ५ | २२८ | १५०,०००।०० | ११२,२५७ | २६२,२५७ | १३,११३ | ६५,५६४ | १८३,५८० | १२ | |
| ६ | ६ | १८८ | १५०,०००।०० | ९२,५६३ | २४२,५६३ | १२,१२८ | ६०,६४१ | १६९,७९४ | ११ | |
| ७ | ७ | १९७ | | | | | | | | |



चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५०,०००।०० | ९६,९९४ | २४६,९९४ | १२,३५० | ६१,७४९ | १७२,८९६ | ११ | |
| ८ | ८ | ३८५ | १५०,०००।०० | १८९,५५७ | ३३९,५५७ | १६,९७८ | ८४,८८९ | २३७,६९० | १५ | |
| ९ | ९ | २०६ | १५०,०००।०० | १०१,४२५ | २५१,४२५ | १२,५७१ | ६२,८५६ | १७५,९९८ | ११ | |
| १० | १० | ४८६ | १५०,०००।०० | २३९,२८५ | ३८९,२८५ | १९,४६४ | ९७,३२१ | २७२,४९९ | १८ | |
| ११ | ११ | २३३ | १५०,०००।०० | ११४,७१९ | २६४,७१९ | १३,२३६ | ६६,१८० | १८५,३०३ | १२ | |
| १२ | १२ | २१० | १५०,०००।०० | १०३,३९५ | २५३,३९५ | १२,६७० | ६३,३४९ | १७७,३७६ | ११ | |
| १३ | १३ | २२३ | १५०,०००।०० | १०९,७९५ | २५९,७९५ | १२,९९० | ६४,९४९ | १८१,८५७ | १२ | |
| १४ | १४ | ४३४ | १५०,०००।०० | २१३,६८२ | ३६३,६८२ | १८,१८४ | ९०,९२१ | २५४,५७८ | १६ | |
| कूल जम्मा | | ३८५९ | २,१००,०००।०० | १,९००,०००।०० | ४,०००,०००।०० | २००,०००।०० | १,०००,०००।०० | २,८००,०००।०० | १८१ | |

(ग) वडा कार्यालयले वडा समितिबाट निर्णय गरी माथि उल्लेखित बजेटबाट कार्यान्वयन हुने आयोजनाको विवरण, सोको लागत अनुमान र समूह नेता सहित श्रम समूह निर्माण गरेको विवरण यही २०७६ जेष्ठ २८ गतेभित्र नगरपालिकामा पठाउने ।

(घ) प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालन रोजगारी सम्बन्धी ऐन २०७५, रोजगारी सम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७५ अनुसार गर्ने ।

<u>निर्णय नं. २</u> : आठविसकोट नगरपालिका शैक्षिक गुणस्तर परिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७६ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

<u>निर्णय नं. ३</u> : यही २०७६ असार ५ गते मदिरामुक्त नगरपालिका घोषणा गर्ने सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :–



रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

(क)मदिरामुक्त नगरपालिका घोषणा अभियानमा देहायका कार्यक्रमहरु सञ्चालन गर्ने :–

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रमको विवरण</th><th>स्थान</th><th>समय</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>माध्यमिक विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिता</td><td rowspan="3">आठविसकोट नगरपालिका कार्यालय</td><td rowspan="3">२०७६ असार ५ गते विहान ठीक १०:०० बजेदेखि</td><td>पुरुस्कार (कर कट्टी नहुने गरी)<br>प्रथम रु ५,०००।००<br>द्धितिय रु ४,०००।००<br>तृतिय रु ३,०००।००<br>प्रति सहभागि विद्यालय वडा नं. १, २ र ३ को हकमा रु ५,०००।००, वडा नं. ४, ५, ६, १३ र १४ को हकमा रु ४,०००।०० र वडा नं. ७ देखि १२ को हकमा रु ३,०००।००</td></tr>
<tr><td>२.</td><td>विभिन्न वडाबाट आएका झाँकी प्रदर्शन</td><td>सहभागिहरुलाई वडा नं. १, २ र ३ को हकमा रु ६,०००।००, वडा नं. ४, ५, ६, १३ र १४ को हकमा रु ५,०००।०० र वडा नं. ७ देखि १२ को हकमा रु ४,०००।०० को दरले सहभागि खर्च उपलब्ध गराईने र प्रति वडा एक झाँकीमात्र प्रदर्शन गर्न पाईने ।</td></tr>
<tr><td>३.</td><td>मदिरामुक्त नगरपालिका घोषणामा विशेष योगदान पुर्‍याउनु हुने महान् व्यक्तित्वहरुलाई सम्मान कार्यक्रम</td><td>सम्मानपत्र तथा जनही दुई/दुई हजार रुपैयाँ पुरुस्कार</td></tr>
</table>

(ख)वडा कार्यालयले यही २०७६ असार ३ गतेसम्म मदिरामुक्त नगरपालिका घोषणामा योगदान पुर्‍याएका व्यक्तिहरुको नाम नगरपालिकामा सिफारिस गर्ने र त्यसको आधारमा पुरुस्कृत र सम्मान गर्ने ।

(ग) मदिरामुक्त नगरपालिका घोषणा कार्यक्रममा प्रतिनिधि सभा, राष्ट्रिय सभा, बहालवाला मन्त्री, प्रदेश सभा सदस्य एवम् बहालवाला मन्त्री, जिल्ला समन्वय समिति प्रमुख तथा प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय प्रमुख तथा प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय प्रमुख तथा प्रतिनिधि लगायत जिल्ला स्तरिय कार्यालयका प्रमुख तथा प्रतिनिधि, पत्रकार, समाजसेवी, समूह, सहकारी लगायत आम जनसमुदायलाई आमन्त्रण गर्ने ।

निर्णय नं. ४ : नगरपालिकामा खरिद भएका विभिन्न हेभि तथा हल्का सवारी साधनका चालकहरु नियुक्ति, हेरफेर तथा पारिश्रमिक निर्धारण सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :–

(क) करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७४ अनुसार सात दिने सूचना प्रकाशन गरी एक्स्ट्राभेटर अपरेटर १ जना, ब्याकओ लोडर अपरेटर १ जना, हल्का सवारी चालक (एम्बुलेन्स, पिकअप) चालक २ जना, टयाक्टर चालक २ जना र सहयोगी १ जना खुला विज्ञापन गरी भर्ना गर्ने ।

(ख) सवारी चालक भर्ना गर्दा आठविसकोट नगरपालिकाभित्रका जनशक्तिलाई प्राथमिकता दिईने ।

(ग)सवारी चालकलाई प्रचलित स्केलमा पारिश्रमिक उपलब्ध गराउने ।

(घ) हाल नियुक्त पाएका एम्बुलेन्स चालक हिमाल पोखेल र टयाक्टर चालक विक्रम रावलले इमान्दारीपूर्वक काम नगरेकोले निजहरुको करार अवधि अव उप्रान्त थप नगर्ने ।

(ङ)उमेर हद ४० वर्ष ननाघेको हुनुपर्ने ।

(च) दरखास्त दस्तुर : रु. १००।००

(छ) अन्तरवार्ता र सूचिकरण समितिमा विषय विषज्ञको रुपमा नगर प्रमुखले तोकेको व्यक्तिलाई राखे ।

निर्णय नं. ५ : प्रधानाध्यापक छनौटको लागि नगर शिक्षा नियमावली, २०७४ को दफा (२) अनुसार आह्वान गरिएको दरखास्त तथा कार्य सम्पादन करार सम्झौता सम्बन्धी प्रस्तावको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :–

(क)आठविसकोट नगर शिक्षा नियमावली, २०७४ को नियम ५० को उपनियम (२) बमोजिम योग्य र क्षमतावान प्रधानाध्यापक छनौट गरी नियुक्त गर्न नगरपालिकाबाट आह्वान गरिएको सूचना बमोजिम गर्ने ।

(ख)सूचनाका साथ प्रकाशित कार्य सम्पादन करार सम्झौता फाराम अनुसार छनौट भएका प्रधानाध्यापकको मूल्यांकन गर्ने र सोही अनुसार निजलाई प्रधानाध्यापकमा निरन्तरता दिने या नदिने सम्बन्धमा नगर कार्यपालिकाले प्राप्त प्रतिवेदनमा छानविन गरी निर्णय गर्ने ।

निर्णय नं. ६ : ज्ञानोदय माध्यमिक विद्यालय चौताराको लागि आवश्यक ०१०२० वर्गमिटर क्षेत्रफल बराबरको जग्गा विद्यालयबाट प्राप्त प्रतिवेदन समेतको आधारमा प्रचलित बजार मूल्य बराबर ६० प्रतिशत र मालपोतको मूल्यांकन बराबर ४० प्रतिशत मूल्य कायम हुने गरी प्रतिवर्गमिटर रु ११४५ का दरले खरिद गर्ने गरी प्राप्त फाईल सदर गर्ने निर्णय गरियो ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं. ७</u> : शिक्षा ऐन, २०२८ को दफा १० बमोजिम सुविधा प्राप्त गरी रिक्त रहेको शिक्षक पदमा करार शिक्षकहरु भर्ना गरिएको सम्बन्धि प्रस्तावको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

(क) नेपालको संविधान, २०७२ को धारा ३०४ को उपधारा (१) मा **"यो संविधान प्रारम्भ हुँदा बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछन् । तर यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।"** भनि स्पष्ट व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार सूचीमा समावेश भएको एवम् संविधान अनुसार संघीय संसदको पहिलो अधिवेशन बसेको अवधि १ वर्षभन्दा बढि भईसकेको सन्दर्भमा स्थानीय तहको एकल अधिकार सूचीभित्र पर्ने शिक्षा सम्बन्धी कार्य संविधानसँग बाझिएकोले शिक्षा ऐन, २०२८ (संशोधन समेत) तथा सोही ऐन अनुसार बनेको शिक्षा नियमावली, २०५९ मा स्थानीय तहको एकल अधिकार सूचीभित्र पर्ने विषयहरु संविधान अनुसार स्वतः खारेज भईसकेका छन् । नगर शिक्षा ऐन, नगर शिक्षा नियमावली, करार स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड अनुसार भर्ना सम्बन्धी निश्चित मापदण्ड, आधार र सिद्धान्तहरुको आधारमा शिक्षा ऐन, २०२८ को दफा १० बमोजिम सुविधा प्राप्त गरी रिक्त रहेको शिक्षक पदमा करार शिक्षकहरु भर्ना गरिएकोले नियमानुसार नगरपालिका शिक्षा, युवा तथा खेलकूद शाखाले शिक्षक भर्ना सम्बन्धमा विज्ञापनदेखि सिफारिससम्म गरेका सम्पूर्ण कार्य तथा प्रक्रियालाई सदर गर्ने ।

(ख) स्थानीय तहलाई संविधानत् प्राप्त अधिकार संघीय सरकारबाट हस्तक्षेप हुने गरी विधेयकहरु तर्जुमा भएको एवम् सोही किसीमले निर्णय तथा परिपत्रहरु भएकोले ध्यानाकर्षणको लागि संघीय सरकार समक्ष लेखि पठाउने ।

<u>निर्णय नं. ८</u> : साविकका स्यालाखदी, गोतामकोट, आठविसकोट, आठविसडाडाँगाउँ र घेत्मा गा.वि.स.हरु वि.स. २०७३ सालमा छुवाछुतमुक्त सद्भावयुक्त गा.वि.स.हरुको रुपमा घोषणा भईसकेकोले सोही घोषणालाई आधारमानि आठविसकोट नगरपालिकालाई छुवाछुतमुक्त सद्भावयुक्त नगरपालिका भएको व्यहोरा जिल्ला समन्वय समितिको कार्यालय, कर्णाली प्रदेश सरकार र संघीय सरकार समक्ष लेखि पठाउने निर्णय गरियो । साथै आठविसकोट नगरपालिका घोषणा हुनुपूर्व साविकका उल्लेखित गा.वि.स.हरु बालश्रममुक्त गा.वि.स. घोषणा भईसकेकोले सोही निर्णयलाई आधार मानि आठविसकोट नगरपालिकालाई बालश्रममुक्त नगरपालिका घोषणा भएको व्यहोरा कर्णाली प्रदेश सरकार तथा संघीय सरकार समक्ष लेखि पठाउने निर्णय गरियो ।

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय

राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं. ९</u> : आठविसकोट नगरपालिकाभित्र सम्पूर्ण सामुदायिक विद्यालयहरुको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा स्थलगत अनुगमन गरी विद्यार्थी सङ्ख्या, शिक्षक उपस्थिति, पारित विद्यालय अनुगमन प्रतिवेदनहरुको कार्यान्वयन लगायतका विषयहरु समेटी यथार्थ प्रतिवेदन यही २०७६ असार ७ गतेभित्र नगर शिक्षा समिति मार्फत नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १०</u> : आर्थिक वर्ष २०७६।०७७ को लागि कर्णाली प्रदेश सरकार समक्ष देहायका आयोजनाहरु कार्यान्वयनको लागि सिफारिस गर्ने निर्णय गरियो :-

| क्र.स. | आयोजनाको विवरण | कार्यान्वयन हुने स्थान | अनुमानित लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | नगरपालिकाको लागत सहभागितामा दूध संकलन, स्टोरेज तथा बजारीकरण आयोजना | नगरपालिकाभरी | रु ५ करोड | |
| २. | निर्माणाधिन फलफूल प्रशोधन केन्द्र स्थापना र सञ्चालन | वडा नं. १२ | रु ३ करोड | |
| ३. | निर्माणाधिन मसला उद्योग स्थापना र सञ्चालन | वडा नं. १० | रु १ करोड | |
| ४. | घाँस तथा फलफूल विरुवाको स्रोत केन्द्र स्थापना र सञ्चालन | नगरपालिकाको उपयुक्त स्थान | रु १ करोड | |
| ५. | किवी तथा फलफूल पकेट क्षेत्रमा सिंचाई व्यवस्थापन आयोजना | किवी तथा फलफूल पकेट क्षेत्रहरुमा | रु १ करोड | |
| ६. | स्याला –साईकुरमारी कृषि सडक निर्माण | वडा नं. १ र २ | रु १ करोड ५० लाख | |
| ७. | साईकुमारी –ओख्ले कृषि सडक निर्माण | वडा नं. १ | रु १ करोड ५० लाख | |
| ८. | बसेरा –खदी –पाटागाउँ –जलिगाड कृषि सडक निर्माण | वडा नं. ३ | रु १ करोड ५० लाख | |
| ९. | दाजे -बञ्चरे कृषि सडक निर्माण | वडा नं. ८ | रु १ करोड ५० लाख | |
| १०. | निर्माणाधिन मङ्ग्रहा -उनीकोट -घेत्मा कृषि सडक | वडा नं. ११ र १३ | रु १ करोड ५० लाख | |
| ११. | ढुङ्गेला -डाँफि कृषि सडक | वडा नं. ७ | रु १ करोड ५० लाख | |
| १२. | आदर्श मा.वि. -टाकुरा कृषि सडक निर्माण | वडा नं. १४ | रु १ करोड ५० लाख | |

| | | | | |
|---|---|---|---|---|
| १३. | गोइरी -लटाहम्पा कृषि सडक | वडा नं. ११ | रु १ करोड ५० लाख | |
| १४. | विपन्न वर्गमा रोजगारी सिर्जना हुने गरी पशुपालन तथा फलफूल व्यवसायमा प्रोत्साहन कार्यक्रम | नगरपालिका | रु ५ करोड | |
| १५. | कृषि उद्यमीहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन नगरपालिकाबाट सञ्चालित सहकारीहरुमा नगद पुँजी व्यवस्था गर्ने | नगरपालिका | रु ५ करोड | |
| १६. | द्वन्द्वको समयमा जनसत्तामा रजिष्ट्रेशन भएका जग्गाहरुको समस्या समाधान गर्न एवम् भूमिहिनहरुको समस्या समाधान गर्न आवश्यक कानूनी तथा आर्थिक सहायता गर्ने | नगरपालिका | रु १० करोड | |
| १७. | विरुवाको स्रोत केन्द्र स्थापना | नगरपालिका | रु १ करोड | |
| १८. | विद्यालयहरुको सहकार्यमा नाङ्गाडाडाँहरुमा वृक्षारोपण गरी वन क्षेत्र विकास गर्ने | नगरपालिका | रु १ करोड | |
| १९. | आत्रय ऋषी पूर्वाधार विकास कार्यक्रम | वडा नं. ४ | रु ५ करोड | |
| २०. | शाईकुमारी -काँडादह क्षेत्र विकास कार्यक्रम | वडा नं. २ | रु ५ करोड | |
| २१. | झारमारे हिलस्टेशन निर्माण | वडा नं. ३ | रु ५ करोड | |
| २२. | नगरपालिका तथा संघीय सरकारसँगको साझेदारीमा उद्योग ग्राम स्थापना | नगरपालिकाको उपयुक्त स्थानमा | रु २० करोड | |
| २३. | आठविसकोट नगर अस्पतालको भौतिक पूर्वाधार निर्माण तथा उपकरण खरिद | नगर अस्पताल | रु ५ करोड | |
| २४. | सबै वडाहरुमा स्वास्थ्य केन्द्रको संरचना निर्माण | स्वास्थ्य चौकी नभएका वडाहरु | रु २ करोड | |



रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २५. | बालकल्यान माध्यमिक विद्यालयलाई बहुप्राविधिक शिक्षालयको रुपमा विकास गर्ने | वडा नं. ९ | रु ३ करोड | |
| २६. | शहिद स्मृति नमूना माध्यमिक विद्यालयको भौतिक संरचना निर्माण, जग्गा खरिद तथा उपकरण खरिद | वडा नं. ९ | रु ५ करोड | |
| २७. | राडीज्यूउला शिक्षा क्याम्पसको भौतिक संरचना निर्माण | वडा नं. ९ | रु २ करोड | |
| २८. | नगरपालिका तथा संघीय सरकारको साझेदारीमा विपन्न घरपरिवारको स्वास्थ्य विमा कार्यक्रम | नगरपालिका | रु ४० लाख | |
| २९. | नगरपालिका तथा संघीय सरकारसँगको साझेदारीमा विपन्न तथा वेसहारा बालबालिकाहरुको उत्थान कार्यक्रम | नगरपालिका | रु ४० लाख | |
| ३०. | दलित नमूना बस्ती विकास कार्यक्रम | नगरपालिका | रु ५ करोड | |
| ३१. | चिसापानी -राडी -घारीखोला १५ किलोमिटर सडक कालोपत्रे | वडा नं. ११ ९ र १० | रु ४५ करोड | |
| ३२. | गोइरी -सानीवार्खु -नदूवा सडक निर्माण | वडा नं. ११ र १२ | रु १ करोड ५० लाख | |
| ३३. | चिसापानी -डाडाँफारुला सडक निर्माण | वडा नं. ११ | रु १ करोड ५० लाख | |
| ३४. | मूलतारा -होली -होलीकाँडा सडक निर्माण | वडा नं. ६ | रु १ करोड ५० लाख | |
| ३५. | सिमबजार -रंगालगाउँ -सिमछहरेखोला हुँदै नयाँडाडाँ सडक निर्माण | वडा नं. ५ | रु १ करोड ५० लाख | |
| ३६. | चोभाखोला सिँचाई क्रमागत | वडा नं. ३ | रु २ करोड | |
| ३७. | डाब -घोरीलास सिंचाई | वडा नं. १० | रु १ करोड | |
| ३८. | गिजागाड -चौर सिंचाई | वडा नं. ११ | रु ३ करोड | DPR भएको |
| ३९. | खापे -भयाउने -घारीखोला -गैरीचौर -झिनचौर सिंचाई | वडा नं १० | रु १ करोड | |

आठबिसकोट नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल २०७३

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४०. | वाधापानी -पोखरा -सिलागाउँ सिंचाई | वडा नं. १२ | रु १ करोड ४५ लाख | DPR भएको |
| ४१. | ठूलीभेरी -गत्तसैना सिफ्ट सिंचाई | वडा नं. ११ | रु १ करोड ५० लाख | |
| ४२. | होलीचौर -दामाचौर -चिला -अनाह सिंचाई | वडा नं. ६ | रु १ करोड | |
| ४३. | बयाल्ने -लामातार -जलिगाड सिंचाई | वडा नं. ५ | रु १ करोड | |
| ४४. | राडीज्यूउला शहरी पूर्वाधार विकास परियोजना | वडा नं. ९ | रु १० करोड | |
| ४५. | जनता आवास कार्यक्रम | नगरपालिका | रु १० करोड | |
| ४६. | ठूलीभेरी किनारा तटवन्धन | भेरी किनाराभरी | रु १० करोड | |
| ४७. | कुसुमखोला तटवन्धन | वडा नं. ६ | रु १ करोड | |
| ४८. | खारखाराखोला तटवन्धन | वडा नं. ७ | रु १ करोड | |
| ४९. | जलिगाड नदी तटवन्धन | वडा नं. १, २, ३ र ५ | रु १ करोड | |
| ५०. | बगेना बल्छिङ तटवन्धन | वडा नं. ४ | रु १ करोड | |
| ५१. | गिजागाडखोला तटवन्धन | वडा नं. ९ र ११ | रु १ करोड | |
| ५२. | सुवाखोला -टाँरखोला -कैनखोला तटवन्धन तथा पहिरो नियन्त्रण | वडा नं. ११ | रु १ करोड | |
| ५३. | घेत्माखोला -नरखोला तटवन्धन | वडा नं. १३ र १४ | रु १ करोड | |
| ५४. | धागैछरी खानेपानी | वडा नं. १० | रु १ करोड | |
| ५५. | राडिबजार एक घर एक धारा | वडा नं. ९ | रु १ करोड | |
| ५६. | झ्यारमखोला -सिमबजार -चौर एकघर एक धारा | वडा नं. ११ | रु १ करोड | |
| ५७. | आठविसकोट नगरपालिका एक घर एक धारा कार्यक्रम | नगरपालिकाभरी | रु १ करोड | |
| ५८. | इलाका प्रहरी कार्यालय भवन निर्माण | वडा नं. ९ | रु ३ करोड | |
| ५९. | इलाका प्रहरी कार्यालयको लागि गाडी खरिद | वडा नं. ९ | रु ५० लाख | |



आठविसकोट नगरपालिकाको कार्यालय नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६०. | बाढिपहिरो पीडितको लागि एकीकृत बस्ति विकास | नगरपालिका | रु ५ करोड | |
| ६१. | सशस्त्र प्रहरी बलको लागि स्थायी पोष्टको लागि भवन निर्माण | वडा नं. ९ | रु ३ करोड | |
| ६२. | पाखापानी -सवारी -ओखरपाटा खानेपानी | वडा नं. १४ | रु १ करोड | |
| ६३. | गुढगुद्दे -शान्तिटोल -बाँकेज्यूउला सिंचाई | वडा नं. १४ | रु १ करोड | |
| ६४. | गौंडिखोला -छेपारे खानेपानी | वडा नं. १४ | रु १ करोड | |
| ६५. | पिपलचौर -ओखरपाटा -फर्साचौर -सवारी सडक निर्माण | वडा नं. १४ | रु १ करोड | |
| ६६. | ठूलाकोट एरपोर्ट निर्माण | वडा नं. १० | रु २० करोड | |
| ६७. | कालाखोला -स्यानीवार्खु खानेपानी | वडा नं. १२ | रु १ करोड | |
| ६८. | हरीपाताल -चिला -अनाह खानेपानी | वडा नं ६ | रु १ करोड | |
| ६९. | फारुलाखोला -चिसापानी खानेपानी | वडा नं. ११ | रु १ करोड | |
| ७०. | धुर -ठूलोपाखा -जागे -घिनतरी -जलिगाड खानेपानी | वडा नं. ५ | रु १ करोड | |
| ७१. | तेस्रा पानी बञ्चरे पोखरी सिँचाई | वडा नं. ८ | रु. १ करोड | |
| ७२. | दाङ्ग-चिनचौर-लहा-कालीजुरा लिफ्ट सिँचाई | वडा नं. ३ | रु. १ करोड | |
| ७३. | पोखरा-कुरल-लामपुजा-मौराखारा कृषि सडक | वडा नं. १२ | रु. १ करोड | |
| ७४. | सिलपारी-धारदेखि गुरखोला साइनचौर स्वास्थ्यचौकी | वडा नं. ४ | रु. १ करोड | |
| ७५. | रोकाजाखेत सिँचाई | वडा नं. १ | रु. १ करोड | |
| ७६. | तिल्केचौर थुम कृषि सडक | वडा नं. १ र २ | रु. १ करोड | |
| ७७. | तातोपानी-गिजा-राडीज्युला खानेपानी | वडा नं. ९ | रु. १ करोड | |
| ७८. | घारीखोला-हर्दिगाउँ-गिजा सिँचाई | वडा नं. ९ र १० | रु. १ करोड | |
| ७९. | वडाखोला – बपाल्ना कृषि सडक | वडा नं. ५ | रु. १ करोड | |
| ८०. | लामकाने गुफा संरक्षण | वडा नं. १२ | रु. १ करोड | |



आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं. ११</u> : शिक्षा, युवा तथा खेलकूद शाखामा कामको चापको कारण हाल कार्यरत कर्मचारीले अनुगमन, नियमन, शिक्षक कर्मचारीको तलवभत्ता भुक्तानी, अभिलेख व्यवस्थापन लगायतका कार्यहरु गर्न सक्ने स्थिति नरहेकोले मिदास सहजकर्ताको रुपमा काम गरेका मिदास सहजकर्ता श्री कर्णबहादुर सिंहको करार अवधी साविककै सेवा सुविधा प्राप्त गर्ने गरी यही २०७६ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १२</u> : सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी नगर अस्पतालदेखि बगरसम्मको सिंचाई निर्माणको लागि रु दुई लाख विनियोजन गर्ने निर्णय गरियो ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत